*२०७५ माघ १८ गते*

*निर्णय नं १.*

यस कार्यालयको मिति २०७५ भाद्र १० गते बायोग्याँस उत्पादको सम्बन्धमा आवेदन छनौटका लागि सुचना प्रकाशन भएकोमा योग्य आवेदक नदेखिएकाले पुनः ३५ दिने सुचना प्रकाशन गर्ने ।

निर्णय नं २.

कृषी योग्य जग्गाको खण्डिकरण सम्बन्धमा संघिय भुमि व्यवस्था सहकारी तथा गरिवि निवारण मन्त्रालयको मिति २०७५/०९/२७ मा जारी परिपत्र, मिति २०७५/१०/०४ मा गठित यस नगरपालिकाको प्राविधिक समितिको सिफारिस तथा मिति २०७५/१०/१७ गते कर्णाली प्रदेश सरकार, माननिय सांसदहरु, राजनैतिक दल र सरोकारवाला सवैको सुझाब अनुसार उपत्यकालाई व्यवस्थित शहरी सुविधा युक्त नगर बनाउन गुरुयोजना निर्माणको प्रकृयामा रहेकाले यस सम्बन्धमा हाललाई लगत कट्टा भएका सडक क्षेत्रमा घर निर्माण कार्य प्रकृया बमोजिम खुल्ला गर्ने र साविकका वडा नं. १ देखि १२ सम्मका गुरुयोजनाका बाटाहरुमा जोडिएका बाहेकका जग्गा / क्षेत्र र नगरपालिकाका सम्पुर्ण वडाहरुमा जग्गा कित्ताकाट र घर नक्सा पास समेतको कार्य पुर्णतया रोक्का गर्ने ।

निर्णय नं ३.

यस कार्यालयको नगर कार्यपालिका वैठक कक्ष निर्माण कार्यका लागि खर्च हुने रकम पुराना घरका नक्सापास दस्तुर शिर्षकबाट विनियोजित गर्ने ।

*निर्णय नं ४.*

वीरेन्द्रनगर नगरपालिका नगरकार्यपालिका कार्यालय भवनको लागि  सुर्खेत स्थित महिला प्रशिक्षण केन्द्रको जग्गा र भवन उपलब्ध गराईदिन नगर विकास समिति सुर्खेत मार्फत शहरी विकास मन्त्रालय संग माग गर्ने ।

*निर्णय नं ५.*

*वीरेन्द्रनगर नगरपालिका वडा नं ६ स्थित वीरेन्द्र चौकको सौन्दर्यता र स्वच्छतालाई कायम गर्दै आकर्षक चौक बनाउन यथावस्थामा मर्मत तथा सम्भार  गर्ने ।*

निर्णय नं ६.

वीरेन्द्रनगर नगरपालिका वडा नं ५ को वडा कार्यालय भवनको लागि वडा नं ५ स्थित पशु सेवा कार्यालयदेखि उत्तर पुर्वमा रहेको करिव ०-२-१०  ऐलानि प्रति जग्गामा प्राविधिक ईस्टिमेट अनुसारको आवश्यक कार्य अगाडी वढाउने ।

निर्णय नं ७.

वीरेन्द्रनगर नगरपालिकाका विभिन्न वडाहरुबाट गर्भवति महिलाका लागि एम्बुलेन्स भाडा माग भएको सम्बन्धमा लैंगिक हिसां कोषबाट रु. २ लाख विनियोजन गर्ने ।

निर्णय नं. ८.

यस नगरपालिकाको भाडामा र आकस्मिक सेवामा संचालन हुने सवारी साधन तथा मेसीनरी औजार उपकरणहरुको संचालन विनियमावली, २०७५ स्विकृत गर्ने ।

निर्णय नं. ९.

यस कार्यालयको जिन्सि निरिक्षण प्रतिवेदनमा पुरानो, टुटफुट भई काम नलाग्ने लिलाम गर्नुपर्ने भनि सार्वजनिक सेवा तथा क्षमता विकास समिति मार्फत पेश भएका निम्न सामाग्रीहरु लिलाम गर्ने ।

निम्नः